Email:spcbsikkim@gmail.com

आज़ादी का अमृत महोत्सव

राज्य प्रदूषण नियन्त्रण बोर्ड – सिक्किम
वन एवं पर्यावरण विभाग
सिक्किम सरकार
देउराली, गान्तोक - 737102

मि.स..../सिराप्रब./1765

मिति: 28/6/2022

# जन सुनुवाईको सूचना

शहरी विकास विभाग, सिक्किम सरकार, गान्तोकले मगनका लागि रिङदाङ, मगन सिक्किममा ठोस फोहोरको वैज्ञानिकतम प्रबन्धनका लागि ठोस फोहोर शोधन सुविधा निर्माण गर्ने प्रस्तावित गरेको छ। परियोजनाको विशेषता निम्न प्रकार छन् :-

विशेषता :-

| | |
|---|---|
| स्थान | : रिङदाङ, मगन |
| राज्य | :सिक्किम |
| जिल्ला | : मगन |
| भूमिको क्षेत्रफल | : 3.25 ऐकर (1.3 हेक्टर) |
| नजिकको गाउँ | : रिङदाङ |
| नजिकको शहर अनि आवासीय इलाका | : मगन (1.6 किमि.) दक्षिण पूर्व |
| नजिकको नदी | : परियोजनाको छेउमै टिस्टा नदी |
| जमीनधनी | : शहरी विकास एवं आवास विभाग |
| नजिकको हवाई अड्डा | : ग्रीनफील्ड हवाई अड्डा, पाकिम |
| नजिकको रेलवे स्टेशन | : नयाँ जलपाईगढी |
| नजिकको राष्ट्रिय राजमार्ग | : एनएच 10 |
| जनसङ्ख्या | : 6886 |
| परियोजनाको क्षमता | : 16.0 टीपीडी |
| ट्याङ्कीको सङ्ख्या | : एउटा |
| वर्तमान तथा अपेक्षित फोहोर उत्पादन : | उपलब्ध गराइएको तथ्याङ्क अनुसार 1.40% को वार्षिक वृद्धि दरका साथ 2021 का लागि 482 जीएम/ दिन र 2041 का लागि 636 जीएम/ दिन |
| नयाँ/ विस्तार/ आधुनिकीकरण | : नयाँ परियोजना |

State Pollution Control Board ★ Forest & Environment Deptt. ★ Govt. of Sikkim

| | | |
|---|---|---|
| अभिकल्पित भूमिभराउको आयु | : | 20 वर्ष |
| भूमिको क्षेत्रफल | : | 2.0 हेक्टर |
| जमीनधनी तथा जमीनको पट्टा करार | : | वन तथा शहरी विकास एवं आवास विभाग |
| परियोजनाको लागत | : | 15.99 करोड रुपियाँ |
| पानीको आवश्यकता | : | 6.6 केएलडी |
| विद्युतको प्रतिपूर्ति (ब्याकअप) | : | बिजुली गएको बेला 250 केभीएको जेनरेटर |
| परिवहन | : | युएलबीसँग हालमा अटो टिप्पर, ट्रक, टिप्पर |

अनि ठेला गाडी छ, जसले दिनमा 2-3 पटक विसर्जन स्थलसम्म फोहोर ढुवानी गर्दछ।

जबकि भारत सरकारको पर्यावरण एवं वन मन्त्रालयले, पर्यावरण (संरक्षण) नियम, 1986 को नियम 5 को उप-नियम (3) को धारा (घ) सँग पठित पर्यावरण (संरक्षण) नियम, 1986 को अनुभाग 3 को उप-अनुभाग (1) र उप-अनुभाग (2) को धारा (5) अन्तर्गत तथा भाग 2, अनुभाग 7 को उप-अनुभाग 3, मिति 14 सेप्टेम्बर, 2006 अन्तर्गत अनिवार्य अधिसूचना सङ्ख्या एस.ओ.60(ई), मिति 27 जनवरी, 1994 को शमन अनुरूप, अधिसूचनाको श्रेणी "ख"मा पर्ने हुँदा, परियोजना प्राधिकरणद्वारा एसईआइएए बाट आवश्यक पर्यावरण अनापत्तिपत्र प्राप्त गर्नका लागि पेश गरिएका तथ्याङ्क एवं दस्तावेजको प्राविधिक मूल्याङ्कनको आधारमा सिफारिश तयार गर्न, सिक्किम राज्य प्रदूषण नियन्त्रण बोर्डले जनहितमा जनसुनुवाई आयोजन गर्न आवश्यक ठहर्दछ। यस कारण, परियोजना वा गतिविधिको पर्यावरणीय पक्षमा सम्भावित दाबी हुने सबै सम्बन्धित हितधारकलाई 4अगस्त, 2022 को दिन 11.00 बजेदेखि आयोजन हुने जनसुनुवाईमा लिखित रूपमा वा सहभागी बनी प्रतिक्रिया दिन सूचित गरिन्छ। परियोजना वा गतिविधिको पर्यावरणीय पक्षबारे कुनै सम्भावित दाबी भएका कुनै पनि व्यक्तिले आफ्नो प्रतिक्रिया सुनुवाईको मितिअघि, सदस्य सचिव, सिक्किम राज्य प्रदूषण नियन्त्रण बोर्ड, वन एवं पर्यावरण विभाग, सिक्किम सरकार, देउराली, गान्तोकलाई सम्बोधित गर्दै बुझाउन सक्नेछन। परियोजना/ कार्यकारी सारांशको विवरण वेबसाइट www.sikenvis.nic.in/ www.spcb.sikkim.gov.in तथा सिक्किम राज्य प्रदूषण नियन्त्रण बोर्ड, देउराली, गान्तोक, सिक्किम तथा जिल्लापाल, मगन, जिल्ला औद्योगिक कार्यालय, मगन र जिल्ला परिषद भवन, मगनमा पनि उपलब्ध गराइएको छ।

सदस्य सचिव
सिक्किम राज्य प्रदूषण नियन्त्रण बोर्ड
वन एवं पर्यावरण विभाग
सिक्किम सरकार,देउराली, गान्तोक